# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्ड : ८** **सङ्ख्या : ५** **मिति : २०८१ माघ २९**


**नगर सभाबाट स्वीकृत मितिः २०८१ माघ २२**

**प्रमाणीकरण मिति : २०८१ माघ २९**

## भाग-१

### सुन्दरहरैँचा नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैँचा नगरपालिकाको १५ औं नगर सभाले यो ऐन स्वीकृत गरी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# सुन्दरहरैँचा नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८१

**प्रस्तावना:** सुन्दरहरैँचा नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को आर्थिक ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुन्दरहरैँचा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "सुन्दरहरैँचा नगरपालिकाको आर्थिक (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक ऐन, २०८१ को अनुसूची-४ (ऐनको दफा ५ सँग सम्बन्धित) मा संशोधनः** सुन्दरहरैँचा नगरपालिकाको आर्थिक ऐन, २०८१ (यसपछि "मूल ऐन" भनिएको) को अनुसूची-४ मा देहाय बमोजिम संशोधन गरिएको छः

(१) मूल ऐनको अनुसूची-४ (७) को क्र.सं. (४४) मा रहेको कवाडी व्यवसाय दर्ता शुल्क रु. ५०,०००/- को सट्टा रु. १०,०००/- कायम गरिएको। साथै "आ.व. २०८०/०८१ को बक्यौताको सम्बन्धमा प्रत्येक वर्ष नवीकरण हुँदाका बखत वार्षिक रूपमा न्यूनतम रु. १०,०००/- का दरले असुल गर्ने। उक्त बक्यौता किस्तामा आधारित भएर असुली गर्दा जरिवाना समावेश नगर्ने।" भन्ने वाक्यांश थप गरिएको।

(२) मूल ऐनको अनुसूची-१० (६) मा शिक्षा तर्फ रहेको परीक्षा शुल्कको सि.नं. १ मा संस्थागत कक्षा ५ र कक्षा ८ को परीक्षा शुल्क प्रति विद्यार्थी रु. ५००/- र सि.नं. २ मा संस्थागत कक्षा ८ भन्दा माथि प्रति विद्यार्थी रु. ५००/- रहेकोमा दुवै सि.नं. को परीक्षा शुल्क नगरस्तरीय परीक्षा व्यवस्थापन समितिको निर्णय बमोजिम कायम हुनेछ।

**आज्ञाले,**
**विनोद कुमार न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

सुन्दरहरैँचा नगरपालिकाको राजपत्र